## बकैया गाउँकार्यपालिकाको मिति २०७८।०६।०५ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

### १. सरसफाई बजेट विनियोजन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा आ.व. २०७८।७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत गाउँपालिका क्षेत्रमा वर्षातका कारण बिग्रिएका सडक सरसफाईका लागि रु. ५०,००,०००।- विनियोजन गरिएको र सो सरसफाईका लागि घटिघटाउमा कार्य गर्नको लागि ठेक्का मार्फत ठेकेदार कम्पनीहरु समेत छनोट भइसकेकोमा उक्त कार्यको लागि तपशिल बमोजिम बजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

| वडा | विनियोजित बजेट रु. |
|---|---|
| १ | ४,५०,०००।- |
| २ | ३,५०,०००।- |
| ३ | ३,००,०००।- |
| ४ | ४,००,०००।- |
| ५ | ३,००,०००।- |
| ६ | ६,५०,०००।- |
| ७ | ३,००,०००।- |
| ८ | ४,००,०००।- |
| ९ | ४,००,०००।- |
| १० | ५,००,०००।- |
| ११ | ५,५०,०००।- |
| १२ | ४,००,०००।- |
| जम्मा | ५०,००,०००।- |

### २. अमानतबाट कर संकलन सम्बन्धमाः-

बकैया गाउँपालिका क्षेत्रभित्र रहेका खोला तथा बगर क्षेत्रबाट ढुँगा, गिट्टी, बालुवा आदिको व्यवस्थित रुपमा उत्खनन गर्न गाउँपालिकाले तयार गरिरहेको प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन स्विकृत भई ठेक्काको प्रकृया सम्पन्न नभएसम्मको लागि 'अमानतबाट कर संकलन कार्ययोजना, २०७८' सर्वसम्मत पारित गर्दै असोज ६ बाट ढुँगा गिट्टीको कर अमानतबाट संकलन सुरु गर्ने सर्वसम्मत निर्णय गरियो। साथै 'बकैया गाउँपालिकाको अमानतबाट कर संकलन कार्ययोजना, २०७८' बमोजिम यस गाँउपालिका क्षेत्रभन्दा बाहिर निकाशाको लागि तथा स्थानीय स्तरमा घरायसी प्रयोजनका लागि अमानतबाट कर संकलन प्रायोजनार्थ सम्बन्धित वडा कार्यालयको सिफारिश अनुसारको व्यक्तिलाई विभिन्न स्थानमा कर संकलनको लागि खटाउने तथा निजहरुलाई तपसिल बमोजिम पारिश्रमिक भुक्तानी दिने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

## तपसिल

| क्र सं | विवरण | पारिश्रमिक | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिकामा घरायसी प्रयोजनका लागि कर उठाइएकोमा | संकलित रकमको २० प्रतिशत | १% अग्रिम करकट्टी हुने |
| २ | गाउँपालिका बाहिर निकासा भएको वा गाउँपालिका भित्र नै व्यवसायिक प्रयोजनका लागि कर उठाइएकोमा | संकलित रकमको ५ प्रतिशत | १% अग्रिम करकट्टी हुने |

**३. ढुङ्गा, गिट्टी, बालुवाको संकलन र बिक्रि शुल्क सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा बागमती प्रदेश सरकार द्वारा निर्धारित ढुँगा गिट्टी बालुवा रोडा माटोको घाटगद्दि तथा बिक्रि शुल्क सम्बन्धमा गाउँपालिका बाहिर बिक्रि हुने र गाउँपालिका भित्र नै व्यवसायीक प्रयोजनको लागि संकलन तथा बिक्री गरिने नदि जन्य पदार्थ र माटोको घाटगद्दि तथा बिक्री शुल्क प्रदेश सरकारले नै निर्धारण गरेको दररेट (प्रतिघनफिट क्रमशः रु. ९ र रु. २.५) बमोजिम लिने र गाउँपालिका भित्र घरायसी प्रयोजनको लागि संकलन गरिने त्यस्ता नदिजन्य पदार्थको संकलन शुल्क र माटोको संकलन शुल्क मु.अ.क. बाहेक प्रति घनफिट क्रमशः रु. ३ र ५० पैसा हुनेगरि तपशिल बमोजिम लिने गरी निर्णय गरियो।

## तपशिलः

| क्र सं. | सवारीको किसिम | मूल्य अभिवृद्धि कर सहित जम्मा रकम रु. | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | ढुङ्गा, गिट्टी, बालुवा, रोडा | | माटो | | |
| | | घाटगद्दि तथा बिक्रि शुल्क | गाउँपालिकाभित्र घरायसी प्रयोजनको लागि | घाटगद्दि तथा बिक्रि शुल्क | गाउँपालिकाभित्र घरायसी प्रयोजनको लागि | |
| १ | ट्रिपर ठुलो(MAN) | ५६९५.२ | १८९८.४ | १५८२ | ३१६.४० | |
| २ | ट्रिपर ठुलो | ४०६८ | १३५६ | ११३० | २२६.०० | |
| ३ | ट्रिपर मझौला | २५४२.५ | ८४७.५ | ७०६.२५ | १४१.२५ | |
| ४ | ट्रिपर सानो | १५२५.५ | ५०८.५ | ४२३.७५ | ८४.७५ | |
| ५ | ट्र्याक्टर | १०६७.५ | ३५५.९५ | २९६.६३ | ५९.३३ | |

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर ढकाल
अध्यक्ष

Scanned with CamScanner

४. दर्ता विना संचालित उद्योगहरु बन्द गराउने सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा जिल्ला समन्वय समिति मकवानपुरको मिति २०७८।०५।२८ गतेको निर्णय अनुसार मकवानपुर जिल्ला अन्तर्गत दर्ता नभई संचालनमा रहेका क्रसर तथा बालुवा उद्योगहरु सूरक्षा निकाय सँग समन्वय गरी बन्द गराउन स्थानीय तहलाई निर्देशन दिने निर्णय प्राप्त भएकोमा वन कार्यालय, प्रहरी कार्यालय तथा अन्य सम्बन्धित निकाय सँगको सहकार्यमा यस गाउँपालिका क्षेत्रमा दर्ता नभई संचालनमा रहेका क्रसर तथा बालुवा उद्योगहरु बन्द गराउने निर्णय गरियो ।

५. घर नक्सा पास सम्बन्धी कार्यविधि सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा नेपाल सरकारले लागू गरेको बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ बमोजिम मापदण्ड पालनाका लागि यस गाउँपालिकाले समेत वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७६ लागू गरेकोमा यस गाउँपालिका क्षेत्रमा निर्माण हुने भवनहरु आधारभूत मापदण्ड पालन सहित निर्माण गराउनका लागि घर नक्सा पास सम्बन्धी कार्यविधि पारित गर्ने निर्णय गरियो ।

६. करार सेवमा कर्मचारी नियुक्ती सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकामा घर नक्सा पास सम्बन्धी कार्य समेत सञ्चालन गर्न लागिएकोमा थप जनशक्तीको आवश्यकता पर्ने भएको हुँदा एक(१) जना सिभिल ईन्जिनियर करार सेवामा नियक्त गर्ने निर्णय गरियो ।

७. पूर्वाधार बिकास शाखाको कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा गाउँ कार्यपालिकाको मिति २०७५।०८।२० को निर्णय बमोजिम यस गाउँपालिका अन्तर्गत पूर्वाधार विकास शाखामा कार्यरत कर्मचारीहरु (ईन्जिनियर/सव ईन्जिनियर/असिस्टेन्ट सव ईन्जिनियर) लाई प्रोत्साहनका लागि मासिक प्रति व्यक्ती रु १२ हजार फिल्ड भत्ता उपलब्ध गराउने गरिएकोमा चालु आ.व. २०७८।७९ देखि लागु हुने गरि तपसिल बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

पूर्वाधार विकास शाखा प्रमुख(ईन्जिनियर) : आधारभूत मासिक तलबको ५०%

शाखाका अन्य कर्मचारीहरु (ईन्जिनियर/सवईन्जिनियर/असिस्टेन्टसवईन्जिनियर): मासिक रु. १४,५००।-

८. समपुरक योजना सञ्चालन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रममा बागमती प्रदेश र यस गाउँपालिकाको साझेदारीमा समपुरक कोषको योजना अन्तर्गत तपसिल बमोजिमका योजनाहरु रहेकोमा सो योजनाहरु सञ्चालन प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

| क्र.सं. | वजेट शिर्षक | बजेट रकम रु. |
|---|---|---|
| १ | भीमसेनदमार कालीदमार ठिंगन सडक स्तरोन्नती क्रमागत | २,००,००,०००।- |
| २ | श्रीपुर कर्मचुली सुधा गडवान रतनपुरी सडक स्तरोन्नती | २,००,००,०००।- |
| ३ | भिरकोट दोभान विजलडाँडा सडक स्तरोन्नती | २,००,००,०००।- |

[Stamp: ...कैया गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, हातीसुँडे, मकवानपुर, बागमती प्रदेश, नेपाल]

दामोदर ...
अध्यक्ष

Scanned with CamScanner

| जम्मा | ६,००,००,०००।- |
|---|---|

उल्लेखित योजनाहरुमध्ये भिरकोट दोभान विजलडाँडा सडक स्तरोन्नतीका लागि रु. २,००,००,०००।- बजेट विनियोजन गरिएकोमा सो रकममध्येबाट उक्त सडक सरसफाईका लागि उपभोक्ता समिति मार्फत योजना सञ्चालन गर्ने र बाँकी रकमबाट संरचना निमार्णका लागि ठेक्का मार्फत योजना सञ्चालन गर्ने निर्णय गरियो। साथै भीमसेनदमार कालीदमार ठिंगन सडक र श्रीपुर कर्मचुली सुधा गडवान रतनपुरी सडक योजनाहरु सञ्चालनका लागि ठेक्का मार्फत योजना सञ्चालन गर्ने निर्णय गरियो ।

**९. बकैया गाउँपालिकाको व्यवसाय कर संकलन निर्देशिका, २०७५ संशोधन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकामा सञ्चालित व्यवसायलाई दर्ता गराउन तथा नयाँ व्यवसाय दर्ता गरेर मात्र सञ्चालन गर्न प्रोत्साहन गरि व्यवसाय दर्ताको दायरा बढाउन "बकैया गाउँपालिकाको व्यवसाय कर संकलन निर्देशिका, २०७५" मा तपसिल बमोजिम व्यवस्था सहित संशोधन गर्ने निर्णय गरियो ।

क. व्यवसाय दर्ताको प्रमाणपत्रमा चालु पुँजी, स्थीर पुँजी र विद्युत शक्ती शिर्षक समावेश नगरिएकोमा सो शिर्षकहरु समावेश गर्ने ।

ख. साथै गाउँपालिका क्षेत्रमा व्यक्तीले भोगचलान गर्दै आएको ऐलानी जग्गामा व्यवसाय गर्न चाहेमा उक्त व्यक्तीले सम्बन्धित वडा कार्यालयसँग वहालमा रहेको संझौता सहित व्यवसाय दर्ता गर्न सक्ने व्यवस्था समेत समाबेश गर्ने ।

**१०. प्रशासकीय भवन निर्माणको ठेक्का खोल्ने सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिका प्रशासकीय भवन निर्माणका लागि चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रममा रु. १,००,००,००० रकम विनियोजन गरिएको तथा स्थानीय तह विकास पूर्वाधार विभागबाट समेत रकम उपलब्ध हुने भएकोमा सो को लागि बहुवर्षीय ठेक्काको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**११. गाउँपालिकामा सञ्चालित योजनामा प्रयोग हुने ग्रावेल तथा ढुङ्गाको राजश्व सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाका योजनाहरु सञ्चालनको क्रममा ग्रावेलको दररेट कर सहित प्रति घनमिटर रु. १०५०।- र ढुङ्गाको दररेट करसहित प्रति घनमिटर रु. १३५९।- कायम गर्ने निर्णय गरियो । साथै भ्याट विल उपलब्ध नभएमा उक्त दररेट बमोजिम नै गाउँपालिकाबाट सञ्चालित ठेक्का तथा समितिका कार्यहरुमा कर लगाउने निर्णय गरियो ।

**१२. निर्देशिकाहरु पारित सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिका अन्तर्गत विभिन्न कार्यक्रमहरु सञ्चालनको क्रममा कार्यमा सहजीकरणका लागि तपसिल बमोजिमका निर्देशिकाहरु आवश्यक परेको हुँदा ती निर्देशिकाहरु पारित गर्ने निर्णय गरियो ।

१. बकैया गाउँपालिकाको सहकारी कार्यक्रम सञ्चालन निर्देशिका, २०७७

२. बकैया गाउँपालिकाको स्वास्थ्य कार्यक्रम सञ्चालन निर्देशिका, २०७७

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

अध्यक्ष

३. बकैया गाउँपालिकाको बालमैत्री कार्यक्रम सञ्चालन निर्देशिका, २०७७

**१३. गत आर्थिक वर्षको बाँकी भुक्तानी सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा गत आर्थिक वर्ष २०७७।७८ को तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरुको भुक्तानी बाँकी रहेकोमा चालु आर्थिक वर्षको स्वीकृत बजेटबाट सो को भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

क. चिसापानी भोक्टिनी सिँचाई आयोजना

ख. बान्द्रे खोला बेलि ब्रिज बाँकी रकम

ग. माझीखोला शिर विद्युत विस्तार बाँकी रकम

घ. अम्बास लेक मोटर बाटो मर्मत तथा पोल ढुवानी

ङ. कोभिड रोकथाम तथा उपचारमा खटिएका स्वास्थ्य कर्मचारी प्रोत्साहन

च. विद्युत सामाग्री वितरण

छ. झरना साहित्यिक परिवारको बकैया साहित्य महोत्सव कार्यक्रम

ज. रसिद प्याड लगायत छपाई

**१४. बकैया खेलग्राम निर्माणको भुक्तानी सम्बन्धमा :-**

प्रस्तुत विषयमा छलफल गर्दा यस बकैया गाउँपालिकाको वडा नं ५ मा रहेको कर्मचुली खेल मैदानलाई बकैया खेलग्रामको रुपमा व्यवस्थित गर्न गाउँ कार्यपालिकाको मिति २०७७।०६।१८ गतेको बैठकको निर्णय अनुसार नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयसङ्ग 'स्थानीय तहमा खेलकुद पुर्वाधार निर्माण सम्वन्धी कार्यविधी, २०७५' बमोजिम प्रस्ताव पेश गरी खेलकुद पुर्वाधार निर्माणको लागि अनुदान रकम माग गरिएको र उक्त कार्यविधीमा व्यवस्था भए बमोजिम गाउँपालिकाको तर्फबाट व्यहोर्नुपर्ने बाँकी ३० प्रतिशत रकम गाउँपालिकाले व्यहोर्ने निर्णय भई सो अनुसार नेपाल सरकारबाट रु. २५,००,०००।- प्राप्त भएकोमा गाउँपालिकाले रु. ७,५०,०००।- खर्च गर्नुपर्नेमा उपभोक्ता समितीसङ्ग संझौता भई कार्य भएकोमा संझौता बमोजिम सबै कार्य सम्पन्न नभएको र भएको कार्यको समेत भुक्तानी उपलब्ध नगराईको र नेपाल सरकारबाट उपलब्ध अनुदान समेत फिर्ता भईसकेकोमा सम्पादित कार्यको मूल्यांकन गरि गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रमको विविध पुर्वाधार निर्माण शिर्षकबाट सो को भुक्तानी दिने निर्णय गरियो ।

**१५. ECED शिक्षिका तथा विद्यालय कर्मचारीहरुको तलब भुक्तानी सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत बार्षिक कार्यक्रममा ECED शिक्षिका तथा विद्यालय कर्मचारीहरुको लागि नेपाल सरकारले उपलब्ध गराएको रकम सहित मासिक थप रु. ५०००।- तलब भुक्तानीका लागि समेत वजेट व्यवस्थापन गरिएकोमा सो बमोजिमको थप तलब रकम समेत उपलब्ध गराउने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष